नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/७८

चलानी नं.:- ४५८

मितिः- २०७७/१२/१६

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषयः- कोभिड-१९ को संक्रमण विरुद्ध आवश्यक समन्वय गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. DAC-275 मिति २०७७/१२/१० को प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही अनुसार आवश्यक समन्वय हुन आदेशानुसार अनुरोध छ।

२०७७/१२/१६

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाण्डौ।

श्री सूचना तथा प्रविधि शाखाः- website मा राखिदिनु हुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा

☎०१-४२६२५४३
४२६२५९०
रामशाहपथ काठमाण्डौं


पत्र संख्याः २०७७/०७८
चलानीः DAC-275

२०७७/१२/१०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

विषयः सबै स्थानीय तहमा पत्राचार गरिदिने सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा हाल मित्रराष्ट्र भारतका विभिन्न प्रान्तहरुमा कोभिड-१९ को संक्रमण वढिरहेको र हाम्रो देशमा पनि सोको जोखिम बढ्ने सम्भावना रहेको हुँदा देहाय वमोजिम गर्न गराउन सबै स्थानीय तहमा पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

- सबै प्रवेश बिन्दुका हेल्थ डेस्कहरुमा ज्वरो आएका यात्रुहरुको मलेरियाको Rapid Diagnostic Test (RDT) तथा सम्भव भए सम्म कोभिड को १९-Antigen Test को ब्यबस्था मिलाउनु हुन साथै test रिपोर्ट Positive आएकाहरुको उपचार ब्यबस्थापन स्वास्थ्य संस्था वा अस्पतालसँग समन्वय गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मलेरिया तथा COVID-19 को ब्यबस्थापन सम्वन्धि निर्देशिकाहरु बमोजिम गर्नुहुन।
- यस कार्यका लागि अस्पताल, स्वास्थ्य संस्था तथा प्रयोगशालाहरुको कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नुहुन ।
- क्वारेन्टाइन आदेश,२०७७ वमोजिमका व्यवस्था लागु गर्नुहुन।
- रोगको निगरानी (Surveillance) लाई चुस्त वनाउनुहुन।
- Case Investigation र Contact Tracing लाई वढावा दिनुहुन।
- आवस्यक PCR तथा antigen Test को सुनिश्चतता गर्नुहुन ।
- सवै अस्पताल र स्वास्थ्य संस्थाहरु माहामारी ब्यबस्थापनका लागि आवश्यक तयारी अवस्थामा रहनुहुन ।
- आफ्नो पालिकाहरुमा संक्रमणको उच्च जोखिम क्षेत्र (Hot Spot) पहिचान गरि "समुदायस्तरमा कोभिड-१९को गरिने Antigen परीक्षण प्रकृया सम्बन्धी प्रोटोकल" वमोजिम गर्नुहुन ।
- सबै निकायहरुले जनस्वास्थ्यका मापदण्हरुको कडाइका साथ पालना गराउनका लागि आवश्यक पहल तथा प्रचारप्रसार गरिदिनुहुन ।

.....................
रुपा वि.क.
शाखा अधिकृत